त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीनको कार्यालय, महाराजगञ्ज
पो.ब.नं.: १५२४, काठमाडौं, नेपाल ।
फोन नं.: ४४१०९११, ४४१२०४०, ४४१३७२९, ४४१८१८७

Tribhuvan University
Institute of Medicine
Office of the Dean
Maharajgunj, P.O.Box: 1524
Kathmandu, Nepal
Ph.# 4410911, 4412040, 4413729, 4418187

योजना शाखा

चि.शा.अ.सस्थान महाराजगञ्ज चिकित्सा क्याम्पसका शिक्षकहरु अन्तराष्ट्रिय सभा/गोष्ठि/सम्मेलनहरुमा सहभागिताका लागि भ्रमण अनुदान (Travel Grants for Participation in Seminar/ Conferences/Workshop) सम्वन्धि कार्यविधि

अनुसुची १

महाराजगञ्ज चिकित्सा क्याम्पसका शिक्षकहरुको लागि अन्तराष्ट्रिय सभा र गोष्ठी र सम्मेलन सहभागिताका लागि भ्रमण अनुदान (Travel Grants for Participation in seminar/ conferences/workshop) सम्बन्धी कार्यविधि :

क) अन्तराष्ट्रिय सभा / गोष्ठी / सम्मेलन लागि भ्रमण अनुदान

महाराजगञ्ज चिकित्सा क्याम्पस अनुसन्धान व्यवस्थापन सेलले आफ्ना शिक्षकहरुलाई निम्नानुसारको सर्तनामाहरु अनुसार भ्रमण अनुदानको लागि सिफारिस गर्नेछ ।

१). **निवेदकका लागि सर्तहरु :** निम्न उल्लेखित सर्तहरु पूरा भएका शिक्षकहरुले अनुसन्धान व्यवस्थापन सेलमा भ्रमण अनुदानको लागि आवेदन पेश गर्न सक्नेछन् ।

१.१. निवेदक शिक्षक अन्तराष्ट्रिय सभा/ गोष्ठी / सम्मेलनमा प्रस्तुत गर्ने कार्यपत्रको प्रथम प्रस्तोता हुनुपर्नेछ ।

१.२. निवेदकको कार्यपत्र वा प्रस्तुती आयोजकले स्वीकृत गरेको व्यहोरा खुल्ने प्रमाण निवेदनका साथै पेश गर्नुपर्नेछ ।

१.३. सभा / गोष्ठी / सम्मेलनमा निवेदक आफैले कार्यपत्र पेश गर्नुपर्नेछ ।

१.४. आयोजकले स्वीकृत गरेको कार्यपत्र वा प्रस्तुतीमा नीज आवेदक महाराजगञ्ज चिकित्सा क्याम्पसको शिक्षक भएको ब्यहोरा प्रस्ट रुपमा खुलेको हुनुपर्नेछ ।

१.५. प्रस्तुती वा कार्यपत्र निवेदकले महारजगञ्ज चिकित्सा क्याम्पसको आफ्नो विभागमा कार्यरत भएकै बखत तयार गरेको हुनुपर्नेछ ।

१.६. एकै कार्यक्रमको लागि एउटै विभाग बाट एक भन्दा बढी निवेदनहरु परेमा र नीजहरुले १.१ देखी १.५ सम्मको सबै सर्तहरु पूरा गरेको खण्डमा विभागीय प्रमुखले सो कार्यक्रममा सहभागी हुँदा विभागको कार्यमा असर नपर्ने भनी स्वीकृति प्रदान गरेको हुनुपर्नेछ ।

उपरोक्त सर्तहरु पूरा गरेको निवेदक शिक्षकले कार्यपत्रको सार साक्षेप (Abstract), निमन्त्रणा पत्र, कार्यक्रमको कार्यसूची र विभागीय प्रमुखको स्वीकृति पत्रसहित भ्रमण अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ ।

२. **छनौटका सर्तहरु :** निवेदकको माग अनुसार भ्रमण अनुदान प्राप्त गर्ने आधारहरु निम्नानुसार हुनेछ ।

२.१ नीज स्थायी वा करार पूर्णकालीन शिक्षक हुनुपर्नेछ ।

२.२ नीज महाराजगञ्ज चिकित्सा क्याम्पसमा कम्तीमा एक बर्ष देखी निरन्तर कार्यरत रहेको हुनुपर्ने छ ।

२.३. निवेदक शिक्षकहरुले अन्य कुनै अनुसन्धान परियोजनाबाट सोहि विषयमा भ्रमण भत्ता नपाएको हुनुपर्नेछ । त्यसैगरी चि.शा.अ.सं महाराजगञ्ज क्याम्पसले कुनै अर्न्तराष्ट्रिय संस्थासँग सम्झौता गरी कार्यन्वयन भईरहेको परियोजनाबाट उस्तै प्रकारको सुविधा नपाएको हुनुपर्नेछ ।

२.४. बार्षिक रुपमा प्रदान गरिने यो भ्रमण अनुदान अन्तराष्ट्रिय सभा / गोष्ठी वा सम्मेलनमा सहभागी भए बापत मात्र पाइने छ । देश भित्र आयोजना गरिएको अन्तराष्ट्रिय सभा, गोष्ठी वा सम्मेलनमा सहभागी हुँदा भ्रमण अनुदान उपलब्ध गराइने छैन ।

२.५. महाराजगञ्ज चिकित्सा क्याम्पसका शिक्षकहरुले यस्तो अनुदान २ (दुई) बर्षमा एक पटक मात्र प्राप्त गर्न सक्नेछन् । विगतमा भ्रमण अनुदान नलिएका शिक्षकहरु छनौटका लागि प्राथमिकतामा पर्नेछन् ।

३. **भ्रमण अनुदान स्वीकृत गर्ने प्रकृया :** मथि उल्लेखित सर्तहरु पुरा भएका निवेदकहरुलाई रिसर्च म्यानेज्मेन्ट सेल, महाराजगञ्ज चिकित्साा क्याम्पसले निम्नानुसारको सर्तहरु पालना गर्ने गरी अनुदान स्विकृत गर्नेछ ।

३.१. निवेदक शिक्षकले पूर्व घोषित कार्यक्रममा सहभागी भई स्वीकृती प्राप्त भए अनुसारको प्रस्तुती गनुपर्नेछ । निजले कार्यक्रममा सहभागि भई कार्यपत्र प्रस्तुत गरेको बिषय खुल्ने गरी भ्रमण सम्बन्धी कागजात पेश गरे पश्चात मात्र अनुदान भुक्तानी हुनेछ ।

३.२ शिक्षकहरुले स्वीकृत निवेदनको आधारमा निम्नानुसारको भ्रमण अनुदान प्राप्त गर्नेछन ।

➢ सार्क मूलुकमा भ्रमण गरेमा ने.रु ५०,०००/-

- सार्क बाहेक अन्य एसियाली मुलुकहरुमा भ्रमण गरेमा ने.रु.७५,०००/-
- एसियाली बाहेक अन्य मुलुकहरुमा भ्रमण गरेमा ने.रु. १,००,०००/-

३.३. भ्रमण अनुदान २ बर्षमा एक पटक मात्र प्राप्त गर्न सकिनेछ ।

३.४. भ्रमण अनुदान अर्को बर्षको लागि संचित हुने छैन ।

३.५. यदि आयोजक संस्थाले आतेजाते भाडा, खाने, बस्ने तथा दर्ता सम्बन्धी खर्च व्यहोरेको खण्डमा यो भ्रमण अनुदान उपलब्ध गराईने छैन । आयोजक संस्थाले आंशिक सहायता मात्र प्रदान गरेको खण्डमा ३.२ मा उल्लेखित रकममा नबढ्ने गरी खर्च भए अनुसार सोधभर्ना गर्न सकिनेछ ।

३.६. अध्ययन वा अन्य लामो विदामा (१० महिना) बसेका वा तालिम विदामा बसेका शिक्षकहरुले यो भ्रमण अनुदान प्राप्त गर्न छैनन ।

३.७. कार्यपत्र प्रस्तुत गर्न बाहेक आयोजकले कार्यक्रमको अध्यक्षता गर्न वा अन्य कुनै हैसियतमा निमन्त्रणा गरी बोलाएको शिक्षकले यो अनुदान प्राप्त गर्ने छैनन ।

३.८. विषय सम्बन्धित बिशेष तालिम वा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु (जस्तै सीएमई (CME) का लागि यो अनुदान उपलब्ध गराईने छैन ।

३.९. यस्तो कार्यक्रममा सहभागी हुने शिक्षकहरुले त्रि.वि नियमानुसार हुने गरी काज विदाको आवेदन दिन सक्नेछन् ।

अनुसुची-२

महाराजगञ्ज चिकित्सा क्याम्पसका शिक्षकहरुको लागि राष्ट्रियस्तरको सभा र गोष्ठी र सम्मेलन (Grants for Participation in national level seminar/ conferences/workshop) सहभागी हुनको लागि अनुदान दिने सम्बन्धी कार्यविधि :

४) **निवेदकका लागि सर्तहरु :** निम्न उल्लेखित सर्तहरु पूरा गरी शिक्षकहरुले रिसर्च म्यानेज्मेन्ट सेलमा अनुदानको लागि आवेदन पेश गर्न सक्नेछन् :

४.१ निवेदक राष्ट्रिय सभा/गोष्ठी / सम्मेलनमा प्रस्तुत गर्ने कार्यपत्रको प्रथम प्रस्तोता हुनुपर्नेछ ।

४.२ निवेदकको कार्यपत्र वा प्रस्तुति आयोजकले स्वीकृत गरेको ब्यहोरा खुल्ने प्रमाण निवेदनका साथै पेश गर्नुपर्नेछ ।

४.३ सभा / गोष्ठी / सम्मेलनमा निवेदक आफैले कार्यपत्र पेश गर्नुपर्नेछ ।

४.४ आयोजकले स्वीकृत गरेको कार्यपत्र वा प्रस्तुतिमा नीज आवेदक महाराजगञ्ज चिकित्सा क्यम्पसको शिक्षक भएको व्यहोरा प्रस्ट रुपमा खुलेको हुनुपर्ने छ ।

४.५ प्रस्तुति वा कार्यपत्र निवेदकले महारजगञ्ज चिकित्सा क्याम्पसको आफ्नो विभागमा कार्यरत भएकै बखत तयार पारेको हुनुपर्ने छ ।

४.६ एकै कार्यक्रमको लागि एउटै बिभागबाट एक भन्दा बढी निवेदकहरु रहेमा र नीजहरुकले ४.१ देखी ४.५ सम्मको सबै सर्तहरु पूरा गरेको खण्डमा विभागीय प्रमुखले सो कार्यक्रममा सहभागी हुँदा विभागको दैनिक कार्यमा असर नपर्ने गरी स्वीकृती प्रदान गरेको हुनुपर्नेछ ।

४.७ Case report र Poster presentation गरेको हकमा या सुविधा लागु हुने छैन ।

५. छनौटका सर्तहरु :निवेदकको माग अनुसार यस्तो अनुदान प्राप्त गर्ने आधारहरु निम्नानुसार हुनेछन् ।

५.१ नीज स्थायी वा करार तर पूर्णकालीन शिक्षक हुनुपर्ने छ ।

५.२ नीज महाराजगञ्ज चिकित्सा क्याम्पसमा कम्तीमा एक वर्ष देखी निरन्तर कार्यरत रहेको हुनुपर्ने छ ।

५.३ निवेदक शिक्षकले अन्य कुनै अनुसन्धान परियोजनाबाट सोही बिषयमा भत्ता नपाएको हुनुपर्ने छ । त्यसैगरी चि.शा.अ.सं. महाराजगञ्ज चिकित्सा क्याम्पसले कुनै अन्तराष्ट्रिय संस्थासंग सम्झौता गरी सञ्चालनमा रहेको परियोजनाबाट उस्तै प्रकारको सुविध नपाएको हुनुपर्ने छ ।

५.४ बार्षिक रुपमा प्रदान गरिने यस्तो अनुदान राष्ट्रिय सभा वा सम्मेलनमा सहभागी भए बापत मात्र पाइने छ । देश भित्र आयोजना गरिएका अन्तराष्ट्रिय स्तरका सभा वा सम्मेलनमा सहभागी हुँदा पनि यसै अनुसुचीका बुँदाहरु आकर्षित हुनेछन् र अन्तराष्ट्रिय सभा / सम्मेलनमा लागि प्रदान गरिने भ्रमण अनुदान उपलब्ध गराइने छैन ।

५.५ महाराजगञ्ज चिकित्सा क्याम्पसका शिक्षकहरुले यस्तो अनुदान दुई (२) वर्षमा एक पटक मात्र प्राप्त गर्नेछन् विगतमा अनुदान नलिएका शिक्षकहरुलाई छनौटका लागि प्राथमिकतामा राखिनेछ ।

६. **अनुदान स्वीकृत गर्ने प्रक्रिया :** माथि उल्लेखित सर्तहरु पुरा गरेका निवेदकहरुलाई रिसर्च म्यानेज्मेन्ट सेल, महाराजगञ्ज चिकित्सा क्याम्पसले निम्नानुसारको सर्तहरु पालना गर्ने गरी अनुदान स्वीकृती प्रदान गर्नेछ ।

६.१ निवेदक शिक्षकले पूर्व घोषित कार्यक्रममा सहभागी भई स्वीकृति प्राप्त भए अनुसारको प्रस्तुती गर्नुपर्नेछ । निजले कार्यक्रममा सहभागी भई कार्यपत्र प्रस्तुत गरेको विषय खुल्ने गरी भ्रमण सम्बन्धी कागजातहरु पेश गरे पश्चात मात्र अनुदान भुक्तानी हुनेछ ।

६.२ शिक्षकहरुले स्वीकृत निवेदनको आधारमा निम्नानुसारकोअनुदान प्राप्त गर्नेछन् ।

६.२.१ यदि सभा/गोष्ठीको सहभागीताको लागी दर्ता रकम रु.पाँच हजार भन्दा कम भएमा पूर्ण रुपमा भुक्तानी गरिनेछ ।

६.२.२ यदि त्यस्तो दर्ता रकम ने.रु. पाँच हजार भन्दा बढी भएमा अधिकतम ने.रु. पाँच हजार मात्र उपलब्ध गराईने छ ।

६.३ बिलम्ब गरी दर्ता भएमा लाग्ने बिलम्ब शुल्क भुक्तनी गरिने छैन ।

६.४ अनुदान एक आर्थिक वर्षमा एक पटक मात्र प्राप्त हुनेछ र अर्को आर्थिक वर्षको लागि सञ्चित हुने छैन ।

६.५ यदि आयोजक संस्थाले दर्ता सम्बन्धी खर्च मिनाहा गरेको खण्डमा यो अनुदान उपलब्ध गराईने छैन ।

६.६ अध्ययन विदा वा अन्य लामो विदामा (१० महिना) बसेका वा तालिम विदामा बसेका शिक्षकहरुले यो अनुदान प्राप्त गर्ने छैनन ।

६.७ कार्यपत्र प्रस्तुत गर्न बाहेक आयोजकले कार्यक्रमको अध्यक्षता गर्न वा अन्य कुनै हैसियतमा निमन्त्रणा गरी बोलाइएका शिक्षकले यो अनुदान प्राप्त गर्ने छैनन ।

६.८ बिषय सम्बन्धित बिशेष तालिम वा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु जस्तै सीएमई (CME) कालागि यो अनुदान उपलब्ध गराईने छैन ।

अनुसुची-३

७. **अनुसन्धान र सोधपत्र सम्बन्धी लेख प्रकाशन अनुदान निर्देशिका :** महाराजगञ्ज चिकित्सा क्याम्पस शिक्षकहरुलाई उच्च गुणस्तरीय अनुसन्धानहरु गर्न र तीनका नतिजा वा निष्कर्षलाई उच्च स्तरका जर्नलहरुमा प्रकाशन गर्न सदैब प्रेरित गर्छ । यसरी प्रभावकारी र विश्वमा कहलिएका अन्य प्रभाव सुचकाङ्ग (Impact Factor) बढी भएका जर्नलहरुमा अनुसन्धान मुलक लेखहरु प्रकाशन गरी महाराजगञ्ज चिकित्सा क्याम्पस र अनुसनधानकर्ताको नाम तथा सम्मान उच्च पार्ने हेतुले त्यस्तो लेख / रचना प्रकाशनार्थ अनुदान प्रदान गर्न यो निर्देशिका तयार गरिएको हो ।
यो अनुदान प्राप्त गर्न निवेदक शिक्षकले जर्नलमा आफनो अनुसन्धान लेख प्रकाशनको स्वीकृती प्राप्त भएको प्रमाण सहित आर्थिक अनुदानको लागि रिसर्च म्यानेज्मेन्ट सेलमा निवेदन पेश गर्नुपर्नेछ । रिसर्च म्यानेज्मेन्ट सेलको बैठकले त्यस समबन्धी आवश्यक निर्णय गर्नेछ । यस्तो निर्णय गर्न सेललाई बढीमा तीन महिना लाग्ने छ ।

८.प्रकाशन अनुदानका सर्तहरु :

८.१. निवेदक शिक्षक एक बर्ष देखि क्याम्पसमा निरन्तर शिक्षण गरिरहेको हुनुपर्ने छ ।

८.२.निवेदक शिक्षकले नीज संलग्न भएको अन्य राष्ट्रिय/अन्तराष्ट्रिय सम्झौता अनुसार यही प्रयोजनको लागि रकम प्राप्त गरेको भए क्याम्पसले प्रदान गर्ने प्रकाशन अनुदान प्राप्त गर्ने छैन ।

८.३.साइम्यागो (Scimago) जर्नल वर्गिकरण र पपमेड इन्डेक्सङीग (Pubmed Indexing) भएका उच्चकोटीका जर्नलमा लेख प्रकाशन भएमा मात्र अनुदान प्राप्त हुनेछ ।

८.४.ओरजिनल लेख (Original Article) सिस्टेमेटीक रिभिउ (Systematic Review) र मेटा एनालाईसिस (Meta Analysis) वर्गमा पर्ने लेखहरुलाई अनुदान प्रदान गरिनेछ । अन्य वर्गमा प्रकाशन भएका लेखहरुका बारेमा रिसर्च म्यानेज्मेन्ट सेलले उपयुक्त र प्रभावकारी ठानेमा मात्र अनुदान प्राप्त गर्न सकिने छ ।

८.५. आवेदक शिक्षक प्रकाशित लेखको प्रथम लेखक भएमा मात्र अनुदान प्राप्त हुनेछ ।

८.६. प्रकाशित लेखमा शिक्षकको वा लेखकको आवद्धता महाराजगञ्ज चिकित्सा क्याम्पस भनी प्रष्ट उल्लेख भएको हुनुपर्नेछ ।

८.७. आवेदक शिक्षक वा लेखकको आफ्नै अर्किड परिचय नं. वा रिसर्च गेट वा गुगुल स्कलरको परिचय नं. हुनुपर्ने छ । त्यसको आवद्धता ठेगाना महाराजगञ्ज चिकित्सा क्याम्पस भनि प्रष्ट खुलेको हुनुपर्नेछ ।

८.८. आवेदकले जर्नलसंग सम्पूर्ण पत्राचार mmc.tu.edu.np domain को इमेल ठेगाना प्रयोग गरी पुरा गरेको हुनुपर्नेछ ।

८.९.आवेदकले आफनो लेख प्रकाशन गर्ने जर्नल ख्याति प्राप्त साईटेशन इन्डेक्समा सूचीकृत भएको प्रमाणका साथै जर्नल सम्पादक समूहको नामबाट कृति प्रकाशनार्थ प्राप्त भुक्तानी सम्बन्धी विल पेश गरेपछि मात्र अनुदान स्वीकृत हुनेछ ।

८.१०. आवेदकले अनुदानको निवेदन प्रिप्रिन्ट संस्करण स्वीकृत भएपछि सुरु गर्न सक्नेछन् ।

८.११. अनलाईन मात्र प्रकाशन हुने जर्नलहरुको हकमा सो खुल्ने कागजातहरु र प्रमाणहरु उपलब्ध गराउनुपर्नेछ ।

८.१२.आवेदकको लेख दोहोरिएको वा कुनै पनि कैफियत (जस्तै पेलेगेरिजम) नभएको हुनुपर्नेछ ।

८.१३.प्रकाशनको लागि अनुदान प्राप्त भएको लेखको लागि अनुसुची १ मा उल्लेख भए अनुसार भ्रमण अनुदान को लागि आवेदन गर्न पाईने छैन । आवेदकले सो कुराको प्रतिवद्धता पेश गनुपर्नेछ ।

८.१४. लेखकले बढीमा एक लाख सम्मको प्रकाशन अनुदान प्राप्त गर्नेछन । त्यसको लागि जर्नल प्रकाशनको बिल र जर्नलको स्तरको आधारमा सेलको बैठकको निर्णयानुसार अनुदान दिईने छ ।

निर्णय नं.५४७३ :-

प्रस्तुत प्रस्ताव माथि छलफल हुँदा त्रि.वि.चि.शा.अ.सस्थान महाराजगञ्ज चिकित्सा क्याम्पसबाट स्वीकृति माग भई आए बमोजिम त्यस क्याम्पसमा अनुसन्धान कार्यको प्रवर्दन एवं अनुसन्धान कार्य बृद्धिका लागि क्याम्पसबाट तयार पारिएको अनुसन्धान व्यवस्थापन सेल (**Reserch Mamagement Cell**) कार्य सञ्चालन मापदण्ड २०८१ लाई स्वीकृति गर्ने निर्णय गरियो ।

चि.शा.अ.सस्थान महाराजगञ्ज चिकित्सा क्याम्पसमा अनुसन्धान कार्यको प्रवर्दन एवं अनुसन्धान संस्कारको बृद्धि गर्ने हेतुले क्याम्पसबाट तयार पारिएको अनुसन्धान व्यवस्थापन सेल (**Reserch Mamagement Cell**) कार्य सञ्चालन मापदण्ड २०८१ ।

त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान
महाराजगञ्ज चिकित्सा क्याम्पस

अनुसन्धान व्यवस्थापन सेल (Research Management Cell) को कार्य सञ्चालन मापदण्ड २०८०

१ समितिको परिचय :

महाराजगन्ज चिकित्सा क्याम्पसमा अनुसन्धान प्रवर्द्धन गर्नका लागि आवश्यक नीति, निर्देशिका तथा कार्यविधिहरू तयार गरी समग्रमा अनुसन्धान संस्कारको वृद्धि गर्ने हेतुले वि.सं २०८० सालमा यो अनुसन्धान व्यवस्थापन सेल (Research Management Cell) गठन भएको हो ।

मापदण्डको नाम :

यो कार्य सञ्चालन मापदण्डको नाम **"अनुसन्धान व्यवस्थापन सेलको अनुसन्धान कार्यसञ्चालन मापदण्ड २०८१ (Research Management Cell, Standard Operating Procedure (SOP) "** रहनेछ । यो मापदण्ड चिकित्सा शास्त्र अध्ययन संस्थानको कार्यान्वयन समितिद्वारा स्वीकृती प्राप्त गर्ने वित्तिकै लागू हुनेछ । क्याम्पस प्रशासनले अवाश्यक ठानेमा अनुसन्धान व्यवस्थापन सेल मार्फत यो मापदण्डमा आवाधिक रूपमा परिमार्जन गर्न सकिनेछ । यो मापदण्डमा रहेको प्रावधानहरूमा कुनै पनि प्रकारको विवाद आएमा यस उपर क्याम्पस प्रशासनको निर्णयलाई नै अन्तिम निर्णय मानिनेछ ।

ध्येय/उदेश्य :

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीनको कार्यालय, महाराजगञ्ज
पो.ब.नं.: १५२४, काठमाडौं, नेपाल ।
फोन नं.: ४४१०९११, ४४१२०४०, ४४१३७२९, ४४१८१८७

Tribhuvan University
Institute of Medicine
Office of the Dean
Maharajgunj, P.O.Box: 1524
Kathmandu, Nepal
Ph.# 4410911, 4412040, 4413729, 4418187

योजना शाखा

नीति :

यो सेलले, विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय र चिकित्सा शास्त्र अध्ययन संस्थानको नीति र निर्देशिकाहरूको मातहतमा रही महाराजगञ्ज चिकित्सा क्याम्पसको आवश्यकता अनुसारको अनुसन्धान प्रारूप निर्माण तथा कार्यन्वयन गर्नेछ । स्वास्थ अनुसन्धानसँग सम्बन्धित नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र चिकित्सा शास्त्र अध्ययन संस्थानले निर्धारण गरेका अनुसन्धान आचरसंहिता परिपालना भएको सुनिश्चित गर्नेछ ।
यो समितिका सदस्यहरूले चिकित्सा शास्त्र अध्ययन संस्थान, अनुसन्धान समितिको अचारसंहिता पालना गर्नेछन् ।

कार्यक्षेत्र :

यो अनुसधान व्यवस्थापन सेल महाराजगञ्ज चिकित्सा क्याम्पसको क्याम्पस प्रशासनप्रति उत्तरदायी तथा जवाफदेही हुनेछ ।

समितिको गठन प्रक्रिया :

महाराजगञ्ज चिकित्सा क्याम्पसको क्याम्पस प्रमुखद्वारा निम्न ५ सदस्यीय अनुसन्धान व्यवस्थापन समितिको गठन गरिनेछ । यो समितिका सदस्यहरुको अवधि २ वर्षको हुनेछ ।
समिति

१. **प्राध्यापकहरू मध्येबाट एक जना - अध्यक्ष**
२. **क्याम्पसका विभिन्न विभागहरूमा कार्यरत शिक्षकहरू मध्येबाट - सदस्यहरू ४ जना ।**
३. **आवश्यकता अनुसार विषय विज्ञ, विज्ञ, कर्मचारीहरु र सहायक कर्मचारीहरु आमन्त्रित गर्न सकिनेछ ।**

अध्यक्षबाट समितिका सदस्यहरू मध्येबाट समितिको सदस्य–सचिव चयन गरिने छ ।

समितिका उद्देश्यहरू :

यो समितिका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :-

१. अनुसन्धान तथा नवप्रवर्तन प्रवर्धनका लागि उपयुक्त वातावरण सिर्जना गर्ने ।
२. क्याम्पसमा अध्यापनरत शिक्षकहरूलाई क्याम्पस, विश्वविद्यालय वा राष्ट्रिय/अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने अनुसन्धान अनुदानमा अनुसन्धानको लागि अनुसन्धान परियोजना पेश गर्न सहजीकरण गर्ने ।
३. संस्थामा सञ्चालन हुने अनुसन्धान परियोजनाहरूको प्रभावकारी व्यवस्थापनको सुनिश्चितता कायम गर्ने ।
४. संस्था भित्रका वा वाहिरका विभिन्न विभागहरूबीच अनुसन्धान कार्यका लगि समन्वय र सहकार्य गर्न गराउन प्रेरित गर्ने ।

समितिका काम कर्तव्य र अधिकारहरू :

१. अनुसन्धानकर्ता वा शिक्षकहरूबाट अनुसन्धान प्रस्तावहरू माग गर्ने ।
२. प्राप्त अनुसन्धान प्रस्तावहरूमा आवश्यक सरसल्लाह र सुझाव प्रदान गर्ने साथै संस्थागत अनुसन्धान समितिबाट निर्धारित अनुसन्धान आचरसंहिता कार्यान्वयन गर्ने कार्यमा सहयोग गर्ने ।
३. अनुसन्धान परियोजनाहरू अनुगमन गर्नको लागि अनुगमन कार्यविधि तायर गर्ने तथा यसको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
४. अनुसन्धान परियोजनाहरूको लागि आवश्यक रकम उपलब्ध गराउन महाराजगञ्ज चिकित्सा क्याम्पसलाई सिफारिश गर्ने ।
५. चिकित्सा शास्त्र अध्ययन संस्थानको संस्थागत अनुसन्धान आचारसंहिता समितिबाट अनुमति प्राप्त अनुसन्धान परियोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने ।
६. अनुसन्धानमूलक लेखहरू तयार पार्न प्रोत्साहन र सहजीकरण गर्ने ।
७. शिक्षक अनुसन्धानकर्ताहरूलाई बार्षिक रुपमा विनियोजन गरिएको बजेटबाट अनुसन्धान तथा अनुसन्धानमूलक लेखहरू प्रकाशनको लागि सो बजेट व्यवस्थापन गराउनको लागि सहजीकरण गर्ने ।
८. व्यक्ति वा संस्थागत अनुसन्धानका लागि राष्ट्रिय/अन्तराष्ट्रिय रुपमा स्रोत परिचलन गर्न प्रेरित गर्ने र सो को लागि आवश्यक सहयोग गर्ने ।
९. अनुसन्धान संस्कार विकास गर्न अनुसन्धानसँग सम्बन्धित गोष्ठी तथा सेमिनारहरू सञ्चालन गर्न सहजीकरण गर्ने ।

१०. संस्थामा सञ्चालनमा रहेका अनुसन्धान परियोजनाहरूको निरीक्षण गरी आवश्यक परेमा सहयोग उपलब्ध गर्ने/ गराउने ।

महाराजगञ्ज चिकित्सा क्याम्पसद्वारा गठन गरिएको यस समितिले शिक्षक तथा अनुसन्धानकर्ताहरूलाई अनुसन्धान गर्न सहजीकरण गर्नेछ साथै यस क्याम्पसले उपलब्ध गराउने अनुसन्धान अनुदानहरूको सही र प्रभावकारी प्रयोग गर्ने सुनिश्चितता प्रदान गर्नेछ ।
चिकित्सा शास्त्र अध्ययन संस्थानले निर्धारण गरेको निर्देशिका अनुसार अन्तर्राष्ट्रिय अनुदानबाट सञ्चालन हुने अनुसन्धान परियोजनाहरूको हकमा भने त्यसको स्वीकृति र कार्यान्वयन डीनको कार्यलय मार्फत् नै हुनेछ ।
यो समितिले क्याम्पसद्वारा सञ्चालन गरिने अनुसन्धान परियोजनाको लागि बार्षिक बजेट निधरिण/तयार गरी क्याम्पस प्रशासन समक्ष पेश गर्नेछ ।

समितिका सदस्यहरूको काम कर्तव्य र अधिकारहरु :

१. क्याम्पसका लागि अनुसन्धान प्राथमिकताहरू निर्धारण गर्न सल्लाह, सुझाव उपलब्ध गराउने ।
२. गर्न लागिएको अनुसन्धानहरूको गुणस्तर उच्च रहेको तथा सम्पूर्ण प्रक्रिया पारदर्शी, जवाफदेही र खुल्ला रहेको सुनिश्चित गराउने ।
३. गर्न लागिएका अनुसन्धान परियोजना र यसका गतिविधिहरूद्वारा क्याम्पसले निर्धारण गरेको अनुसन्धान रणनितिको मर्मलाई समेट्न सकिन्छ भन्ने कुराको सुनिश्चित गर्ने ।
४. अनुसन्धानकर्ता तथा अनुसन्धानमा संलग्न विद्यार्थीहरूको अनुसन्धान गर्ने क्षमतामा अभिवृद्धि गर्ने ।
५. अनुसन्धान अनुदानको लागि परेको निवेदन/प्रस्तावहरूको समिक्षा गर्ने ।

समितिको बैठक :

१. समितिको बैठक सामान्यतया : हरेक दुई महिनामा बस्नेछ । आवश्यकता अनुसार थप बैठकहरू पनि राख्न सकिनेछ ।
२. बैठकका एजेण्डा,मिति,समय,स्थान, निर्धारण गरी समितिको अध्यक्षले सदस्यहरुलाई अग्रिम सूचना गर्नेछ ।
३. समितिका सदस्यहरुले आँफु बैठकमा सहभागी हुन सक्ने वा नसक्ने कुराको जानकारी समितिका अध्यक्षलाई अग्रिम रुपमा गराउनु पर्नेछ ।
४. समितिको कुनै पनि बैठक बस्नको लागि कूल सदस्य संख्याको ५०% वा सो भन्दा माथिको भौतिक उपस्थितिलाई गणपुरक संख्या पुगेको मानिनेछ ।
५. कुनै पनि विषयमा निर्णय गर्नु भन्दा पहिले गणपुरक संख्या पुगेको सुनिश्चितता हुनुपर्नेछ ।
६. बैठकमा प्रस्तुत गरिएका बिषयहरूमा सदस्यहरूको स्वार्थको द्वन्द भए समितिका अध्यक्षलाई जानकारी दिनुपर्ने छ र त्यस्तो एजेण्डाको छलफलमा त्यस्ता सदस्यहरुलाई सहभागी गराउन पाईने छैन ।
७. समितिले सबैका विचार र मतका आधारमा सर्बसम्मत वा वहुमतद्वारा निर्णय गर्नेछ । कुनै एजेण्डामा समिति भन्दा वाहेकका विज्ञहरूसँग छलफल गर्नुपर्ने भए छलफल /परामर्श वा राय लिन सकिनेछ ।
८ समितिको वैठकमा उपस्थित भएका समितिका सदस्य तथा आमन्त्रितहरुलाई त्रि.वि.नियमानुसारको वैठक भत्ता तथा खाजा खर्चको व्यवस्था गरिनेछ ।

बजेटको व्यवस्था :

महाराजगन्ज चिकित्सा क्याम्पसले प्रत्येक वर्ष बार्षिक रुपमा अनुसन्धानको लागि वजेट छुट्टाउनेछ । बिनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गर्न यो समितिले सहजीकरण गर्नेछ । समितिको बैठक भत्ता क्याम्पस प्रशासनले त्रि.वि नियमानुसार व्यवस्था गर्नेछ ।अनुसन्धान प्रस्ताव समिक्षकको हकमा चिकित्सा शास्त्र अध्ययन संस्थान, अनुसन्धान बिभागले उपलब्ध गराए अनुसार भता उपलब्ध गराइनेछ ।

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीनको कार्यालय, महाराजगञ्ज
पो.ब.नं.: १५२४, काठमाडौं, नेपाल ।
फोन नं.: ४४१०९११, ४४१२०४०, ४४१३७२९, ४४१८१८७

Tribhuvan University
Institute of Medicine
Office of the Dean
Maharajgunj, P.O.Box: 1524
Kathmandu, Nepal
Ph.# 4410911, 4412040, 4413729, 4418187

योजना शाखा

समितिका गतिविधिहरू :

अ. अनुसन्धान सहयोग :

१. महाराजगन्ज चिकित्सा क्याम्पसमा कार्यरत शिक्षकहरूका लागि अनुसन्धान गर्न सहजीकरण गर्ने:

क. क्याम्पसले उपलब्ध गराएको बजेटको परिधिभित्र रही अनुसन्धान प्रस्तावको संख्या र अनुदान रकम निर्धारण गर्ने र वर्षको एकपटक प्रस्ताव आव्हान गर्ने ।

स्पष्टीकरण : अनुदान प्रस्ताव आह्वान गर्दा महाराजगन्ज चिकित्सा क्याम्पसको लागि मात्र लागू हुने गरी गरिनेछ ।

ख. अनुसन्धानकर्ताले चिकित्सा शास्त्र अध्ययन संस्थानको संस्थागत अनुसन्धान आचारसंहिता समिक्षा समितिले निर्धारण गरेको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ ।

ग. पहिले नै आन्तरिक वा बाहय श्रोतबाट अनुदान प्राप्त भई कार्यान्वयनमा रहेको अनुसन्धान प्रस्तावहरू भएमा त्यस्ता प्रस्तावहरूलाई अनुदान उपलब्ध गराइने छैन ।

घ. समितिले अनुसन्धान प्रस्तावहरुको मूल्यांकन गर्दा सर्वप्रथम विभागहरुले मिलेर गर्ने (संयुक्त प्रकारको) अनुसन्धान प्रस्तावलाई पहिलो प्राथमिकता दिनेछ । त्यसपछि मात्र विभाग एक्लैले वा व्यक्तिगत रुपमा पेश गरिएका प्रस्तावहरूको मुल्यांकन गरिनेछ । यसोगर्दा एउटै ब्यक्ति दुवै प्रकृतिको अनुसन्धान प्रस्तावमा संलग्न भएमा प्राथमिकताको आधारमा संयुक्त अनुसन्धान प्रस्ताव पहिले निर्णय गरी छनौट हुनेछ ।

ङ. पेश गरिएका सम्पूर्ण प्रस्तावहरूको समितिका सदस्यहरूले प्रारम्भिक समिक्षा गर्नेछन । प्रस्ताव समिक्षा गर्दा गर्नसकिने (Feasible), रोचक (Interesting), नयाँ (Novel) नैतिक (Ethical) र सान्दर्भिक(Relevant) भएको सुनिश्चित हुनेगरी गरिनेछ । सदस्यहरूले यी मापदण्डका आधारमा छनौट गरेका प्रस्तावहरूलाई समितिको पूर्ण बैठकमा प्रस्तुत गरिनेछ । पूर्ण बैठकको निर्णय अनुसार छनौटको प्रक्रिया अघि बढ्नेछ ।

च. यसरी (ङ) को प्रकिया अनुसार छानिएका प्रस्तावहरूलाई १ देखि ३ जनासम्म स्वतन्त्र मूल्यांकनकर्ता समक्ष पठाइनेछ । यसरी छनोट गरिने मुल्यांकनकर्ताहरुमा समितिको सदस्य, विषयको विज्ञ,तथ्याङ्क शास्त्री, इपिडेमियोलोजिष्ट वा जनस्वास्थ्य विज्ञहरु रहनेछन । यसरी छनोट गरिएको मुल्यांकन कर्ताले प्राप्त अनुसन्धान प्रस्तावको १५ दिनभित्र मूल्यांकन गरी समिति समक्ष पठाइसक्नुपर्नेछ । मूल्यांकन कर्ताको नियुक्ति समितिले गर्नेछ र प्रस्तावहरुलाई सामान्य र जटिल भनि वर्गीकरण गर्नेछ ।
सामान्य प्रकृतिका अनुसन्धान प्रस्तावहरु भए १ जना विषय विज्ञ र / वा १ जना सेलको सदस्य द्वारा मुल्याङ्कन हुनेछ । जटिल प्रकृतिका प्रस्तावहरुको (जस्तै जटिल तथ्याङ्क शास्त्रीय विश्लेषण वा जनस्वास्थ्यको विशिष्ट विधाहरु संग सम्वन्धित भएको) हकमा १ जना विषयविज्ञ, १ जना तथ्याङ्कशास्त्री र १ जना सेलको सदस्य समेत गरी बढिमा ३ जनाबाट मूल्यांकन गरिनेछ । यसरी प्राप्त प्रस्तावको मूल्यांकन गर्दा पूर्व निर्धारित चेकलिष्टको आधारमा मूल्यांकन गरिनेछ । मुल्यांकनमा संलग्न हुने विषयविज्ञको छनोट गर्दा सम्वन्धित अनुसन्धान कार्यमा संलग्न नभएको /नहुने व्यक्ति तथा स्वार्थको द्वन्द नभएकाहरुबाट मात्र छनोट गरिनेछ ।

छ. समितिको वैठकले प्रस्तावहरूको नतिजा प्रकाशन गर्दा (क) स्वीकृत, (ख) थप कागजात बुझाउने वा अन्य कुनै शर्तसहित स्वीकृत (ग) अस्वीकृत गरी तीन वर्गमा छुट्टाई प्रकाशन गर्नेछ ।

ज. कुनै शर्तसहित स्वीकृत हुनसक्ने प्रस्तावहरुलाई समितिको वैठकमा पूनः प्रस्तुत गरिनेछ र समितिले तोकेको समयसीमा भित्र माग गरिएका /राखिएका शर्तहरु पूरा गरी प्रस्ताव पूनः पेश गरेमा र समितिलाई उक्त प्रस्तावहरु माग बमोजिम पूरा भएको लागेमा त्यस्ता प्रस्तावहरुलाई स्वीकृती प्रदान गर्न सक्नेछ । तर माग गरिएका शर्तहरु तोकिएको समयसीमाभित्र पेश नभएमा वा त्यस्ता शर्तहरु पूरा नगरी बुझाएमा त्यस्ता प्रस्तावहरु पूनः अस्वीकृत हनेछन र वैकल्पिक प्रस्तावहरु स्वीकृत हुनेछन् ।

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीनको कार्यालय, महाराजगञ्ज
पो.ब.नं.: १५२४, काठमाडौं, नेपाल ।
फोन नं.: ४४१०९११, ४४१२०४०, ४४१३७२९, ४४१८१८७

Tribhuvan University
Institute of Medicine
Office of the Dean
Maharajgunj, P.O.Box: 1524
Kathmandu, Nepal
Ph.# 4410911, 4412040, 4413729, 4418187

योजना शाखा

झ. सामान्यतया प्रत्येक वर्ष प्रति विभाग दुईवटा सम्म प्रस्ताव स्वीकृत हुनेछ । कुनै विभागवाट दुई भन्दा वढी प्रस्ताव पर्न आएमा र सो प्रस्तावले समितिको स्वीकृत गर्ने मापदण्ड पुरा गरेमा क्याम्पसको स्रोतवाट वजेट उपलब्ध हुन सक्ने अवस्था भएमा थप प्रस्तावहरु सेलको वैठकबाट स्वीकृत गर्न सकिनेछ ।

ञ. बुझाइएको प्रस्तावहरुको बैद्धिक चोरी (Plagiarism) पनि जाँच गरिनेछ ।

ट. एउटा आर्थिक वर्षमा अनुदान पाएको अनुसन्धानकर्ताले लगतै अर्को आर्थिक वर्षमा अनुदान पाउने छैन ।

ठ. यो सेलले अन्तरविभागीय समन्वयमा संचालित अनुसन्धानलाई प्राथमिकतामा राख्नेछ । यस्तो प्रस्तावमा एकजना प्रमुख अनुसन्धानकर्ता हुनुपर्नेछ र निजको नेतृत्वमा अन्य अनुसन्धान कर्ताहरूले कार्य गर्नुपर्नेछ । त्यस्तो प्रस्ताव अन्तरविभागीय अनुसन्धानको लागि स्विकृत भएमा निज शिक्षक विभागीय अनुसन्धानको लागि प्राप्त हुने अनुदानको लागि गणनामा पर्ने छैन ।

ड. यस सेलले अनुसन्धान अनुदान स्विकृत गरिसकेपछि सम्बन्धित शिक्षकले प्रस्ताव त्रि.वि. चि.शा.अ.सं.को संस्थागत अनुसन्धान आचासंहिता समितिमा पेश गर्नुपर्नेछ । उक्त समितिबाट अनुसन्धान प्रस्ताव स्वीकृत भएको सिफारिश पत्र क्याम्पस प्रशासनमा पेश गरे पश्चात् त्रि.वि.नियमानुसार पहिलो किस्ता उपलब्ध हुनेछ ।

ढ. अनुसन्धान परियोजनाको अवधि एक वर्षको हुनेछ । यो अवधिभित्र अनुसन्धान प्रतिवेदन बुझाई सक्नु पर्नेछ । छ महिना भित्र अन्तरिम प्रतिवेदन बुझाउनु पर्नेछ । छ महिनाको प्रतिवेदन प्राप्त भएपछि समितिले निर्णय गरी दोस्रो किस्ता उपलब्ध गराउन क्याम्पस प्रशासनलाई सिफारिश गर्नेछ । समय अवधि भित्र अनुसन्धान नसकिए अनुसन्धान अवधि थप गर्नका लागि मनाशिव कारणसहित प्रमुख अनुसन्धानकर्ताले समिति समक्ष निवेदन दिन सक्नेछ । निजले दिएको निवेदन समितिले मनाशिव ठानेमा बजेट नथप्ने गरी १ पटकका लागि विषयवस्तुको प्रकृति हेरी बढिमा ६ महिनासम्म थप समय प्रदान गर्न सक्नेछ । थप समयको अवधि तोक्ने अधिकार सेलमा नै निहित रहनेछ ।

ण. अनुसन्धानकर्ताले अनुसन्धानको अन्तिम प्रतिवेदन एक प्रति समितिलाई बुझाउनु पर्नेछ । उक्त अनुसन्धान प्रतिवेदन समितिको बैठकले स्वीकृत गरेपछि अन्तिम किस्ता निकासीको लागि क्याम्पस प्रशासन समक्ष सिफारिश गरिनेछ र नियमानुसार भुक्तानी हुनेछ ।

२. बाह्य अनुदानबाट संचालित अनुसन्धानहरूलाई सहयोग गर्ने

क. समितिले शिक्षकहरूलाई बाह्य अनुदानमा हुने अनुसन्धान परियोजनामा प्रस्ताव पेश गर्न आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

ख. बाह्य अनुसन्धान सम्बन्धी परियोजना प्रस्ताव तयार गर्ने, बाह्य संस्थामा पेश गर्ने, अनुमति लिने, अनुदान प्राप्त गर्ने, अनुसन्धान गर्ने र प्रतिवेदन तयार गर्ने जस्ता कामहरू अनुसन्धानकर्ता स्वयंले नै गर्नुपर्नेछ ।

ग. समितिले अनुसन्धानको लागि आवश्यक विभागीय समन्वय र सहमतिको लागि सहयोग गर्नेछ ।

घ. बाह्य अनुदानबाट सञ्चालन गरिने अनुसन्धान परियोजनाको हकमा पनि खर्च फरकफरक विश्वविद्यालयको प्रचलित नियम निर्देशिका अनुसार नै हुनेछ ।

आ. विद्यार्थी र शिक्षकहरूलाई अनुसन्धानमा सहजीकरण गर्ने

विद्यार्थीको लागि

क. अनुसन्धानसम्बन्धी तालिम उपलब्ध गराउने ।

ख. अनुसन्धान प्रस्ताव लेखन सम्बन्धी गोष्ठी गर्ने ।

ग. विद्यार्थीहरूमा अनुसन्धान सम्बन्धी ज्ञान ,सिप विकास र प्रवर्दन गर्ने ।

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीनको कार्यालय, महाराजगञ्ज
पो.ब.नं.: १५२४, काठमाडौं, नेपाल ।
फोन नं.: ४४१०९११, ४४१२०४०, ४४१३७२९, ४४१८१८७

Tribhuvan University
Institute of Medicine
Office of the Dean
Maharajgunj, P.O.Box: 1524
Kathmandu, Nepal
Ph.# 4410911, 4412040, 4413729, 4418187

योजना शाखा

शिक्षकका लागि

क. अनुसन्धान सम्वन्धी तालिम, गोष्ठी, सेमिनार तथा सम्मलेनमा सहभागी गराउने तथा तालिम, गोष्ठी आयोजना गरी क्षमता अभिवृद्धि गर्ने ।

ख. अन्तरविभागीय अन्तरक्रिया तथा सहकार्य मार्फत अनुसन्धान क्षमता र नेटवर्क वृद्धि गर्ने ।

ग. अनुसन्धानबाट प्राप्त ज्ञान र सीपलाई समाज र मानवजातिको हित हुने गरी समाजिक चेतना फैलाउने ।

घ. शिक्षकहरूले सिर्जना गरेका वा खोजेका नवीनतम ज्ञान/अनुसन्धानलाई अन्तराष्ट्रिय जगतमा फैलाउन आवश्यक श्रोत पहिचान तथा परिचालन गर्ने ।

अनुसन्धान अनुदानका प्रकार

१. अन्तर विभागीय समन्वय/सहकार्यमा सञ्चालन हुने : दुई वा दुई भन्दा बढी विभागहरूको समन्वय वा सहकार्यमा सञ्चालन हुने संयुक्त अनुसन्धानहरूलाई प्रोत्साहित गरिनेछ ।यस्तो प्रस्तावमा सम्बन्धित विभाग प्रमुखहरूको स्वीकृति हुनुपर्नेछ । अनुसन्धानकर्ताहरू मध्येबाट एकजनाले प्रमुख अनुसन्धानकर्ताको भूमिका निर्वाह गर्नुपर्नेछ । प्रमुख अनुसन्धानकर्ताको अन्तरविभागीय प्रस्ताव स्वीकृत भएमा अन्य एकल वा व्यक्तिगत अनुसन्धान प्रस्ताव त्यहि आर्थिक वर्षको लागि स्वीकृत हुने छैन । संयुक्त प्रस्तावमध्ये सबभन्दा बढी अंक प्राप्त गर्ने अधिकतम **चार** प्रस्तावहरूलाई एक आर्थिक वर्षमा छनौट गरिनेछ ।

२. शिक्षकहरूले सम्बन्धित विभागमा सञ्चालन गर्ने : हरेक विभागबाट आएका प्रस्ताव मध्ये प्रति वर्ष अधिकतम दुई वटा प्रस्ताव छनौट गरिनेछ । प्राप्त प्रस्तावहरूको स्वतन्त्र मुल्यांकन गर्दा क्रमश: उच्चतम अंक प्राप्त गर्ने प्रस्तावहरु छनौट हुनेछन् । यस्तो प्रस्ताव पेशगर्ने व्यक्ति अन्तर विभागीय संयुक्त प्रस्तावमा पनि मुख्य अनुसन्धानकर्ताको भूमिकामा बाहेक अन्य अनुसन्धानकर्ताको रुपमा सहभागी हुन सक्छन । एक आर्थिक वर्षमा मुख्य अनुसन्धानकर्ता भई अनुसन्धान अनुदान प्राप्त गर्ने शिक्षकले लगतैको आर्थिक वर्षमा यस्तो अनुदान प्राप्त गर्ने छैनन । विशेष परिस्थितिमा बुँदा १ (क) आकर्षित हुनेछ । त्यस अनुसार यदि सम्पूर्ण विभागबाट निर्धारित संख्यामा प्रस्ताव स्विकृत नभएमा थप प्रस्तावहरु अ १(क) अनुसार स्विकृत सक्नेछ ॥

३. स्नातक तहका विद्यार्थीले सञ्चालन गर्ने : स्नातक विद्यार्थीहरूले पेश गरेका प्रस्तावहरू मध्येबाट वर्षमा उत्कृष्ठ ४ वटा प्रस्तावहरू छानिनेछन् । स्नातक तहमा पाठ्यक्रमको आवश्यकता अनुसार गरिएको अनुसन्धानको हकमा यो लागु हुने छैन ।यस्तो प्रस्तावहरूमा प्रमुख अनुसन्धानकर्ता र अनुसन्धानकर्ता गरी एक भन्दा बढी विद्यार्थीहरू सलग्न हुनसक्नेछन तर कम्तिमा एकजना सम्वन्धित विषयको शिक्षकलाई अनुसन्धान सुपरिवेक्षक राख्नुपर्नेछ ।

४. स्नातक वा स्नातकोत्तर थेसिस सहयोग : स्नातक वा स्नातकोत्तर विद्यार्थीहरूलाई थेसिस प्रस्ताव र प्रतिवेदन लेखन सम्बन्धी तालिम दिईनेछ । विद्यार्थीहरूले थेसिस प्रतिवेदन तयार गरी सम्बन्धित सुपरभाइजरलाई पेश गर्ने र कार्यसम्पन्न प्रमाणपत्र लिने र उक्त प्रमाणपत्र क्याम्पस प्रसाशनमा पेश गरेमा थेसिस प्रकाशन सम्बन्धी कामको लागि तोकेको सहयोग प्राप्त हुनेछ ।

द्रष्टव्य

१. अनुदान प्राप्त गरेको कुनै अनुसन्धानकर्ता सेवा निवृत भएमा प्रस्तावमा अनुसन्धानकर्ता भनि सचिकृत भएको सोही विभागको अर्को शिक्षकलाई मुख्य अनुसन्धानकर्ताको रुपमा परिणत गर्न निवेदन दिनु पर्नेछ । रिसर्च व्यवस्थापन सेलको वैठकले सोही अनुरुप निर्णय गर्न सक्नेछ र बाँकि अनुदान नयाँ नियुक्त भएको मुख्य अनुसन्धानकर्तालाई भुक्तानि हुनेछ ।

२. अनुदान प्राप्त अनुसन्धानकर्ताले मुख्य अनुसन्धानकर्ता परिवर्तनको लागि निवेदन नदिएमा निकासा भईसकेको अनुदान रकम विश्वविद्यालयको नियमानुसार सोधभर्ना गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीनको कार्यालय, महाराजगञ्ज
पो.ब.नं.: १५२४, काठमाडौं, नेपाल ।
फोन नं.: ४४१०९११, ४४१२०४०, ४४१३७२९, ४४१८१८७

Tribhuvan University
Institute of Medicine
Office of the Dean
Maharajgunj, P.O.Box: 1524
Kathmandu, Nepal
Ph.# 4410911, 4412040, 4413729, 4418187

योजना शाखा

अनुसन्धान अनुदानको रकम

अनुसन्धान अनुदानको रकम क्याम्पस प्रशासनले तोके अनुसार हुनेछ । समितिको सिफारिशमा क्याम्पस प्रशासनले आवधिक रुपमा अनुदानको रकम परिमार्जन गर्न सक्नेछ । यो वर्षको लागि निम्नानुसार रकम विनियोजन भएको छ ।

क.स	अनुसन्धानको प्रकार	विनियोजित रकम/ प्रस्ताव	स्वीकृत हुने प्रस्ताव संख्या
१.	अन्तर विभागीय समन्वय/सहकार्यमा सञ्चालन हुने	रू एकलाख	४ ओटा
२.	शिक्षकहरूले एकल सञ्चालन गने	रू पचास हजार	७२ ओटा
३.	स्नातक तहका विद्यार्थीले सञ्चालन गर्ने रिसर्च प्रोजेक्ट	रु दस हजार	४ ओटा
४	स्नातक वा स्नातकोत्तर र DM/MCh रिसर्चथेसिस सहयोग	स्नातकोतर र DM/MCh - रु पाँच हजार स्नातक - रु दुई हजार	सम्बन्धित सबै विद्यार्थी

अनुदान प्राप्त अनुसन्धानकर्ताले सम्झौतामा तोकेको ढाँचा र शर्तमा आर्थिक प्रतिवेदन बुझाउनु पर्नेछ । अन्यथा अनुदान रोकिने छ । अनुदानको रकम दुरुपयोग भएको ठहरिएमा त्रिविको प्रचलित नियम अनुसार फिर्ता गर्नुपर्ने हुन्छ ।
नोट : आर्थिक अनुदान सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार महाराजगञ्ज चिकित्सा क्याम्पसमा निहित रहनेछ ।

पारिश्रमिक भुक्तानी सम्वन्धमा :-

अनुसन्धान कार्यकम सञ्चालन गर्ने सेलका सदस्यहरु र संलग्न श्रोत व्यक्तिलाई पारिश्रमिक बापत प्रति शेसन रु २२००।,(श्रोत व्यक्ति यस अध्ययन संस्थान भन्दा बाहिरबाट आएमा यातायात खर्च बापत रु ७५० । थप दिने) र प्रशासनिक तथा सहयोगी कर्मचारीको हकमा क्रमश: रु ११०० र रु ५५०। पारिश्रमिक स्वरुप उपलब्ध गराइनेछ । त्यसैगरी अनुसन्धान प्रस्तावको पुनरावलोकन गर्ने व्यक्तिलाई प्रति प्रस्ताव रु १,०००। को दरले पारिश्रमिक उपलब्ध गराइनेछ ।

....
निर्मल मिश्र
प्रशासन प्रमुख